भार्मा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कुशे - ६, जाजरकोट
तर्पेना सिँचाई उपभोक्ता समिति, कुशे - ६, जाजरकोट
तिनचांगा बाजखेत गिमिरे तटबन्धन उपभोक्ता समिति, कुशे - २, जाजरकोट
को
संयुक्त खरिद समिति

# कुशे गाउँपालिका

थर्पु भार्मा, जाजरकोट

## सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/०५**
**सिलबन्दी दरभाउपत्र नं. Kushe_LACCP_SQ_001_082/083**

कुशे गाउँपालिका/ जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, जाजरकोट अन्तरगत कुशे गाउँपालिकामा सञ्चालित माथि उल्लेखित उपभोक्ता समिति अन्तर्गतका खानेपानी तथा सरसफाइ, सिंचाई र अन्य निर्माण योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट पुनः ७ दिन म्याद थप गरी दोस्रो पटक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तीन हजार मात्र (पछि फिर्ता नहुने गरी) **कुशे गाउँपालिकाको कृषि विकास बैंक शाखामा रहेको खाता नं. ०७२६२०१५४८९३७०५६ (ग २.१ -आन्तरिक राजस्व खाता) राजस्व शिर्षक (१४२२९) मा जम्मा गरि सुत्र अनलाइन भौचरको सक्कल** प्रति संलग्न राखी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको कार्यालय समय भित्र कुशे गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतवाट खरिद गर्न सकिने छ । बिभिन्न आवश्यक निर्माण सामाग्रीहरू, पाइपहरू, फिटिङ्स् तथा औजारहरू सप्लाई सम्वन्धि दरभाउपत्र फाराम कुशे गाउँपालिका कार्यालयको वेवसाइट **https://kushemun.gov.np/** र जलबायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको वेवसाइट **https://www.laccp.org.np/** वाट पनि डाउनलोड गरि खरिद गर्न सकिनेछ । तर सप्लायर्सले सिलवन्दी दरभाउपत्र दर्ता गर्दा कुशे गाउँपालिकाको माथि उल्लेखित राजस्व खातामा जम्मा गरेको भौचरको सक्कल प्रति सिलवन्दी दरभाउपत्रसँगै अनिवार्य पेश गर्नुपर्नेछ ।

२) खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिन अर्थात मिति २०८३/०२/१२ गतेको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठौ) अर्थात मिति २०८३/०२/१२ गतेको दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको पाँचकाटिया / थलह बजार जाजरकोटमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै प्राबिधिक चेकजाँच भएपछि मात्र गर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८३/०२/१४ गते कुशे गाउँपालिकाको कार्यालयमा दिनको १२ बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, गाउँपालिका कार्यालयका प्रतिनिधिहरु, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना कुशे गाउँपालिकाको सूचना पाटीमा टाँस तथा वेबसाइटमा राखिनेछ ।

१२) प्रथमपटक प्रकाशित सिलवन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम दरभाउपत्र पेश गरेका दरभाउपत्रदाताहरूले पुनः दरभाउपत्र पेश गर्नुपर्ने छैन ।

१३) अन्य थप जानकारी चाहिएमा कुशे गाउँपालिका / परियोजना कार्यान्वयन गर्ने पालिका एकाईको फोन नं. ९८४४८५६४१५ वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर, सुर्खेतमा सम्पर्क गर्न सकिनेछ ।

संयुक्त खरिद समिति